# संघीय संसद

# संसदीय सुनुवाई समिति

## समक्ष प्रस्तुत

# अवधारणा र कार्ययोजना, २०८०

सर्वोच्च अदालतको न्यायाधीश पदमा सिफारिस उम्मेदवारबाट नेपालको संविधानको धारा २९२ तथा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २६ बमोजिम हुने संसदीय सुनुवाईको प्रयोजनार्थ प्रस्तुत अवधारणा र कार्ययोजना


प्रस्तुतकर्ताः

बालकृष्ण ढकाल

वरिष्ठ अधिवक्ता

(प्रस्तावित न्यायाधीश, सर्वोच्च अदालत)

मितिः २०८० मंसिर १८

श्री संघीय संसद
संसदीय सुनुवाई समिति
काठमाडौं।

विषयः अवधारणा र कार्ययोजना प्रस्तुत गरिएको सम्बन्धमा।

न्याय परिषदको मिति २०८० मंसिर ५ गतेको निर्णयानुसार सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस भई नेपालको संविधानको धारा २९२ तथा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २६ बमोजिम हुने संसदीय सुनुवाई प्रयोजनार्थ प्रस्तुत अवधारणा र कार्ययोजना पेस गरिएको व्यहोरा अनुरोध गर्दछु।

(बालकृष्ण ढकाल)
वरिष्ठ अधिवक्ता
(प्रस्तावित न्यायाधीश, सर्वोच्च अदालत)

संसदीय सुनुवाई समितिका माननीय सभापतिज्यू,
समितिका माननीय सदस्यज्यूहरु,
समितिका सचिवज्यू,
उपस्थित कर्मचारीहरु, सञ्चारकर्मी एवं अन्य समस्त महानुभावहरु।

१. सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि न्याय परिषदबाट मिति २०८० मंसिर ५ गते सिफारिस भई संसदीय सुनुवाईका लागि यस गरिमामय समितिसमक्ष उपस्थित हुन पाउँदा मलाई अत्यन्त हर्ष र गर्वको अनुभूती भईरहेछ। सार्वजनिक जवाफदेहिताको पदमा नियुक्तिको लागि सिफारिस भई जननिर्वाचित माननिय जनप्रतिनिधिहरुसँग साक्षात रुपमा आफ्ना अवधारणा र कार्ययोजना प्रस्तुत गरी अनुमोदित हुने प्रक्रियामा सहभागी हुन पाउनु व्यावसायिक जीवनमा विरलै मात्र प्राप्त हुने अवसर हो भन्ने मलाइ लागेको छ। यस अवसरमा सर्वप्रथम, सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस गर्नुहुने न्याय परिषद्का सम्माननीय अध्यक्ष एवं माननीय सदस्यज्यूहरुप्रति आभार व्यक्त गर्न चाहन्छु। साथै, न्याय परिषदबाट सिफारिस भई संसदीय सुनुवाईका लागि यस गरिमामय समितिमा उपस्थित भई आफ्नो अवधारणा र कार्ययोजना प्रस्तुत गर्ने अवसरका लागि समितिका माननीय सभापति र माननीय सदस्यज्यूहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु।

२. नेपाली जनताद्वारा निर्वाचित ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधानले सुनिश्चित गरेको स्वतन्त्र न्यायपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको एक विशिष्ट परिकल्पना हो। मौलिक हकको उपभोग र कार्यान्वयन, संवैधानिक विधिशास्त्रको सँस्थागत विकास, शक्तिपृथकीकरण र सन्तुलन एवं सुशासन, विकास र न्यायको विकेन्द्रीकरण सम्मका उद्देश्यहरुमा व्यवस्थित र विधिसम्मत् भूमिकाको मार्गप्रशस्त गर्ने चिरस्थायी सँस्थाका रुपमा न्यायपालिका रहेको छ। यस्तो सँस्थामा कार्यरत न्यायकर्मीको योग्यता, क्षमता, अनुभव, व्यावसायिकता, निष्ठा र आचरणसमेतका विषयवस्तु सार्वजनिक सरोकार र चासोका रुपमा मात्र नभई संवैधानिक उत्तरदायित्व र जवाफदेहिताको कसीमा समेत मापन हुनु पर्दछ। पदमा बहाली भइरहँदा र सेवानिवृत्त भइसकेपश्चात् पनि निश्चित संवैधानिक सीमा र शर्तहरुका अधीनमा रहने सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिपूर्व जनप्रतिनिधिहरुको वैधानिक थलोमा सार्वजिनक रुपमा उपस्थित भई कानून, नैतिकता र

न्यायप्रतिको प्रतिवद्धतामा प्रस्तुत हुनुपर्ने यस अभ्यासलाई न्यायिक उत्तरदायित्वको लोकतान्त्रिक अभ्यास र चरित्रका रुपमा मैले लिएको छु। अतः नेपालको संविधानको धारा २९२ ले निर्दिष्ट गरेको यस सुनुवाई प्रणाली र प्रक्रिया एक निष्ठावान् न्यायकर्मीका लागि आफूलाई जनप्रतिनिधमार्फत् सार्वजनिक जीवनमा समर्पण गर्ने संवैधानिक मार्ग पनि हो भन्ने मलाइ लाग्दछ।

माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु,

३. मेरो जन्म वि.सं. २०२६ साल आषाढ ५ गते पिता यादवप्रसाद ढकाल र माता धनमाया ढकालबाट तेह्रथुम जिल्लाको ओखेमा भएको हो। वि.सं. २०२८ सालमा मेरा माता पितासँगै म पनि मोरङ्ग जिल्ला सुनवर्षी नगरपालिका वडा नं. १, अमरदहमा बसाई सराई भएको हुँ। हाल मेरो बसोबास काठमाडौं महानगरपालिका वडा नं. १०, पुरानो बानेश्वरमा रहेको छ। वि.सं. २०४३ सालमा बीरेन्द्र सार्वजनिक माध्यमिक विद्यालय अमरदह मोरङ्गबाट एस.एल.सी. उत्तीर्ण गरेपश्चात् धरानको महेन्द्र बहुमुखी क्याम्पसमा अध्ययन गरी वि.सं. २०४६ सालमा मैले कानूनमा प्रविणता प्रमाणपत्र तह पूरा गरेको हुँ। तत्पश्चात् त्रिभुवन विश्वविद्यालय, नेपाल ल क्याम्पस, काठमाडौंबाट वि.सं. २०५० सालमा कानूनमा स्नातक उपाधि हासिल गर्दै कानूनको उच्च शिक्षा हासिल गर्ने उत्साह र चाहनाअनुरुप वि.सं. २०६० सालमा पूर्वाञ्चल विश्वविद्यालयबाट कानूनमा स्नातकोत्तर (*एलएलएम*) को उपाधि हासिल गरें।

४. तत्कालीन कानून व्यवसायी परिषद ऐन, २०२५ को व्यवस्थाबमोजिम वि.सं. २०५० साल फागुन २२ गते सर्वोच्च अदालतबाट अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेसँगै कानून व्यवसायीको रुपमा मेरो व्यावसायिक यात्रा प्रारम्भ भयो। पचासको दशकको प्रारम्भमा अधिवक्ता बन्न पाएसँगै कुशल कानून व्यवसायीमा स्थापित हुने उर्जा र जाँगर बोकेको मेरा लागि अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको केही महिनाभित्र अर्थात् २०५१ साल जेठमा बन्दीप्रत्यक्षीकरण मुद्दामा सम्मानित सर्वोच्च अदालतमा निवेदकका तर्फबाट बहस गर्ने जिम्मेवारी प्राप्त भई सर्वोच्च अदालतका तत्कालीन माननीय न्यायाधीशद्वय श्री रुद्रबहादुर सिंह र श्री कृष्णजङ्ग रायमाझीको संयुक्त इजलासमा बहस गरेको अविष्मरणीय क्षण मेरो व्यावसायिक जीवनमा अमिट रुपमा रहेको छ। उक्त मुद्दाको परिणामले दिएको सफलता र सन्तुष्टिसँगै कानूनी सेवामा अझ बढी उत्साह र क्षमता प्रदर्शन गर्ने उत्कट अभिलाषाका

साथ आफूलाई क्रियाशील बनाउन थालेको हुँ।

५. कानून व्यवसायीका रुपमा कार्य गर्दा वाणिज्य कानून बिषय मेरो मूल कार्यक्षेत्र रहनुका साथै फौजदारी, देवानी र नागरिक अधिकारसँग सम्बन्धित विषयहरुमा सेवाग्राहीलाई कानूनी राय, परामर्श दिने, लिखतको मस्यौदा गर्ने र अदालतमा प्रतिनिधित्व गर्दै बहस पैरवी गर्ने भूमिकामा मेरो व्यावसायिक जीवन सक्रिय रह्यो। जटिल कानूनी विवादहरुमा सर्वोच्च अदातलबाट भएका व्याख्याका मुद्दाहरु समेत गरी करिब एघार सयभन्दा वढी मुद्दाहरुमा प्रतिनिधित्व र बहस गर्ने अवसर प्राप्त भयो। कानून व्यवसायका क्रममा वाणिज्य विवादहरुमा मध्यस्थको रुपमा कार्य गर्नुका अतिरिक्त कानून र न्यायसँग सम्वन्धित विभिन्न लेख, रचना प्रकाशन गर्ने कार्यहरु मेरो व्यावसायिक जीवनमा मलाई थप सन्तुष्टि दिलाउने पक्षहरु रहेका छन्।

६. कानून व्यवसायीहरुको व्यावसायिक सँस्था नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यसमितिको सदस्यमा वि.सं.२०६३ सालमा र सर्वोच्च अदालत बार एशोसिएशनको सचिवमा वि.सं. २०७१ सालमा कानून व्यवसायीहरुबाट निर्वाचित भई जिम्मेवारी बहन गर्नु मेरो व्यावसायिक सक्रियताभित्रका सुखद सन्दर्भका रुपमा रहेका छन्। सार्क ल जस्ता क्षेत्रीय अन्तर्राष्ट्रिय सँस्थाहरुमा आवद्ध भई न्याय र कानूनका विषयमा अन्तर्राष्ट्रिय तहमा छलफल र सहकार्य गर्ने तथा सहभागी हुने लगायतका वाञ्छित गतिविधिमा समेत म क्रियाशील रहें। ब्यबसायिक जिवनमा न्यायका याचकहरुलाई कानूनी सेवा उपलब्ध गराई न्यायको अनुभूति दिलाउने उद्देश्यकासाथ तीन दशकसम्म निरन्तर कानून व्यवसाय गरेको पृष्ठभूमिमा सम्मानित सर्वोच्च अदालत, पूर्ण बैठकको मिति २०७९ आषाढ २९ गतेको निर्णयानुसार मलाई वरिष्ठ अधिवक्ताको उपाधि प्रदान भएकोमा हालसम्म सोही हैसियतमा कार्यरत रही आएको छु। कानून व्यवसायमा सर्वाधिक उत्प्रेरणा र सम्मानका रुपमा रहेको वरिष्ठ अधिवक्ताको उपाधिद्वारा सम्मानित भई क्रियाशील रहिरहँदा न्यायकर्मीको जिम्मेवारी प्राप्त हुने अवसर आएको यस सन्दर्भमा अब मैले आफूलाई ***पक्षको प्रतिनिधिबाट न्यायको प्रतिनिधि***का रुपमा रुपान्तरण गर्नुपर्छ भन्ने अनुभूति गरेको छु।

७. नेपालको संविधानको धारा २९२ तथा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २६ बमोजिम आज भइरहेको यस सुनुवाईमा सर्वोच्च अदालतको न्यायाधीश पदमा रहेको व्यक्तिप्रति गरिने अपेक्षा र त्यस्तो पदमा रही सेवारत हुँदा सम्पादन गरिने भूमिकाको सम्बन्धमा केन्द्रित भई आफ्ना योजना र उद्देश्यका

बारेमा प्रष्ट हुनु सान्दर्भिक हुनेछ भन्ने मलाई लाग्दछ। यस अर्थमा, संविधान र प्रचलित कानून बमोजिम न्यायाधीशको काम, कर्तव्य र अधिकारका साथै सँस्थागत गतिविधिहरुमा आफूलाई प्राप्त अभिभारा र जिम्मेवारीहरुको बहन गर्नु नै प्राथमिक कार्यहरु हुनेछन्। अविच्छिन्न र स्वशासित रुपमा रहने न्यायपालिका जस्तो सँस्थामा गरिने अधिकांश कार्य र भूमिका संबिधान र कानुन अनुसार पूर्व परिभाषित र व्यवस्थित छन्, जसका लागि आफूलाई व्यक्तिगत भन्दा पनि सँस्थागत सदस्यका रुपमा समर्पण गर्नुपर्ने आवश्यकता रहन्छ। संविधानद्वारा प्रदत्त अधिकारक्षेत्र, कानूनबाट निर्दिष्ट कार्यक्षेत्र, न्यायिक निर्णयबाट स्थापित अभ्यास एवं सँस्थाले विकास गरेका नीति, योजना र अख्तियार गरेका कार्यक्रमहरु नै सदैव मेरा लागि निर्देशक तत्वका रुपमा रहन्छन्। यस उद्देश्य र कार्यमा न्यायपालिकाको नेतृत्व र अन्य सबै न्यायकर्मी भन्दा आफूलाई अलग र पृथक रुपमा प्रस्तुत गर्ने अवस्था रहँदैन। यद्यपि, समय-सान्दर्भिक भूमिकाका अतिरिक्त विषयवस्तुका आधारमा सबैको आ-आफ्नै व्यक्तिगत अनुभव, रुचि, शैली र सोच हुने हुँदा परिणाममुखी कार्यसम्पादनका लागि सदविवेक, निष्ठा र इमान्दारिताको संयोजनबाट क्रियाशील भई आफूलाई समाहित गर्नेछु भन्ने विश्वास दिलाउन चाहन्छु।

**माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु,**

८. सर्वोच्च अदालतको न्यायाधीशको मुख्य दुई प्रकारका भूमिका रहन्छन: *न्याय सम्पादन* र *व्यवस्थापकीय भूमिका।* यीमध्ये मूल कार्य न्याय सम्पादन हो। तर, परिस्थितिजन्य र पदेन रुपमा यदाकदा व्यवस्थापकीय कार्यमा संलग्न हुनुपर्ने अवस्था रहन सक्दछ। तसर्थ, यीनै दुई मूल भूमिकामा केन्द्रित रही कार्य गर्ने कुराहरु यस गरिमामय समिति समक्ष मेरा धारणाहरु अभिव्यक्त गर्न चाहन्छु:

**माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु,**

**८.१ न्याय सम्पादनका सम्बन्धमा**

८.१.१ न्यायपालिकासँग गरिने एक मात्र अपेक्षा न्याय हो। कार्यगत दृष्टिले न्याय सम्पादनसँग अनेक विषयवस्तुहरु गाँसिने हुँदा न्यायपालिकाको अन्य व्यवस्थापकीय भूमिका र कार्यसम्पादनको क्षेत्र समेत व्यापक भएको हो। तर, समग्रतामा अदालतबाट जे जस्ता फैसला वा आदेशका रुपमा निसृत हुन्छन्, त्यसबाट नै वास्तविक कार्यसम्पादनको मूल्याङ्कन हुने गर्दछ। कानूनको संवैधानिकता परीक्षण गर्ने, सार्वजनिक सरोकारका विवादको

निरुपण गरी उचित उपचार प्रदान गर्ने, मौलिक हकको प्रचलनका लागि विभिन्न रिट लगायत उपयुक्त आदेश जारी गर्ने तथा नियमित प्रकारका मुद्दाहरुको पुनरावेदन, साधक, पुनरावलोकन, दोहोर्याउने, अनुमति दिने लगायतका कार्य गर्ने समेतको अधिकारप्राप्त सर्वोच्च अदालतको भूमिकाभित्र न्यायिक सुनुवाईको वैधानिक कार्यविधि अवलम्बन गरी आफूसमक्ष निर्णयार्थ आएको कुनै विवाद वा मुद्दामा निर्णय, फैसला, आदेश, निकासा, व्याख्या, घोषणा आदि जे गर्नु पर्ने हो त्यही भूमिका निर्वाह गर्नु मेरो मूल कर्तव्य हुनेछ। यसरी न्याय सम्पादनको भूमिकामा क्रियाशील रहँदा मेरो प्राथमिकता निरुपण र सम्बोधन हुनुपर्ने तत् तत् विषयका विवादित तथ्य र कानूनमा केन्द्रित रहनेछ।

८.१.२ न्यायपालिकाभित्र सर्वोच्च अदालतको स्थान संविधान र कानूनको अन्तिम व्याख्याताका रुपमा रहेकाले यो अभिलेख अदालतका रुपमा रहेको छ। अभिलेख अदालत भएकाले न्याय सम्पादनका क्रममा भएका यसका फैसला र न्यायिक निर्णयहरु कालजयी रुपमा रहन्छन्। यस्ता निर्णयहरुले न्यायिक सिद्धान्त प्रतिपादन गरी संविधानले सुनिश्चित गरेको मौलिक हकको प्रचलन र अभ्यासलाई मूर्त रुप दिने कार्यमा दीर्घकालीन दिशाबोध गर्दछन्। यस परिप्रेक्ष्यमा नागरिक तथा राजनीतिक अधिकारका साथै संविधानले सुनिश्चित गरेको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुको व्यावहारिक प्रत्याभूति दिलाउनु मेरो मूल उद्देश्य र ध्येय हुनेछ। सामाजिक सुरक्षा, समानुपातिक सहभागिता, वातावरणीय स्वच्छता, पर्यावरणीय सन्तुलन, उपभोक्ता अधिकारको सम्बोधन एवं सामाजिक न्याय र समावेशिता जस्ता संविधानद्वारा अभिव्यक्त विषयहरुको कार्यान्वयन गराउने कुरामा मेरो प्रतिवद्धता रहनेछ। न्यायका लागि आएका सवालमा संविधान र कानूनको प्रयोजनकारी व्याख्यामार्फत् न्याय सुनिश्चित गर्नु न्यायपालिकाको कर्तव्य हो र यसमा प्राण भर्ने काम न्यायकर्मीको हो। यस अर्थमा पूर्ण न्याय गर्ने कार्यमा समाहित हुँदै न्यायको सुनिश्चिततामा बाधक तत्वलाई पराजित गरी न्यायमा पहुँच स्थापना गर्नु हरक्षण अपरिहार्य हुन्छ। न्याय सम्पादनकै रोहमा न्यायमा पहुँचका आयामहरु र विधिहरु स्थापित गर्न सकिने अवस्थामा न्यायमा पहुँचको सुनिश्चितता मेरो पहिलो प्राथमिकता हुनेछ।

८.१.३ न्याय सम्पादनको रुप र प्रभावमा एकरुपता कायम गरी वस्तुगत न्यायको सुनिश्चितता हुनुपर्दछ भन्ने मलाई लाग्दछ। संविधान र कानूनको उद्देश्य र आशय व्यक्ति विशेषका आधारमा फरक हुनु हुँदैन। अदालतमा प्रवेश गर्ने विवादको विषयवस्तुहरु जे जस्ता प्रक्रितिको भएतापनि त्यसको निकासा र निर्णय संबिधान, न्याय, कानून र सदविवेकमा

आधारित हुने भएकाले नै स्वतन्त्र न्यायपालिकाबाट अनुप्राणित भएको न्याय सर्वस्वीकार्य हुने हो। यस उद्देश्यमा संवैधानिक विवाददेखि व्यक्तिगत विवादसम्म तटस्थता र निष्पक्षताको विश्वास आम जनमानसमा प्रवाह हुने गरी आफ्नो सोच, व्यवहार र शैलीलाई सोही ढङ्गमा समर्पण गर्नेछु।

मानननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु,

८.१.४ न्यायको एउटा अहम पक्ष सन्तुलन हो। विश्वभरि नै साङ्केतिक रुपमा सन्तुलित न्यायको पहिचानका रुपमा न्यायको तराजु देखाइएको पनि सोही कारण हो। न्यायको रोहमा सबै पक्षको चित्त बुझ्ला वा नबुझ्ला, तर, व्यवहारमा समानता र समान अवसरको सुनिश्चितताले न्यायिक निर्णयप्रतिको स्वामित्वभाव र स्वीकार्यतामा प्रभाव पारेको हुन्छ। फौजदारी मुद्दामा अभियुक्त र पीडितको अधिकारको सन्तुलन गर्दै न्यायको प्रत्याभूति गर्ने कार्य एवं देवानी मुद्दा र दुष्कृतिजन्य मुद्दाहरुमा क्षतिपूर्तिसहितको न्यायको प्रत्याभूतिमा यस्तो सन्तुलन सर्वथा अपेक्षित हुन्छ। क्षतिपूर्तिसहितको न्यायको संवैधानिक सुनिश्चितता भएको विद्यमान अवस्थामा कसूरदार, पीडित, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अल्पसंख्यक र समाजका सबै वर्ग, समूह र क्षेत्रका व्यक्तिलाई समानता, समता, आरक्षण, संरक्षण र सकारात्मक विभेद जस्ता अत्यधिक प्रचलित नवीनतम् अभ्यासहरुमा सन्तुलन कायम गरी न्याय निष्पादन हुनु अत्यावश्यक भएको मैले ठानेको छु। न्यायका विषयगत क्षेत्रहरुमा जोड दिँदै गर्दा लैङ्गिक न्याय, बालन्याय, समानता, सकारात्मक विभेद तथा मौलिक हकको व्यवस्था र नागरिकको दायित्वका बिचको सीमारेखा, राज्यका निर्देशक सिद्धान्त र आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकारको विषय एवं व्यवसायी र उपभोक्ताको हितका सम्बन्धमा न्याय गर्ने कुरामा विधिशास्त्रीय मान्यता र धारणाका साथै सन्तुलित न्यायको घोषणा नै सर्वाधिक अपेक्षित मानिन्छ। यी सबै परिदृश्यलाई कानून व्यवसायी हुँदाकै अवस्थामा समेत समाजका विभिन्न मानिस, संस्था र नागरिक जीवनको तहबाट अनुभव गरेकाले न्याय सम्पादनमा विधिशास्त्रीय सन्तुलन कायम राख्न मेरो विशेष प्रयत्न रहनेछ।

माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु,

८.१.५ जनआस्था न्यायपालिकाको सामर्थ्य हो र यसमा नै न्यायपालिका अडिग रहेको हुन्छ। तथापि, यो एक अमूर्त रुपमा रहने र मापन गर्न नसकिने अवधारणा हो भन्ने मलाई लाग्दछ। जनआस्था अभिवृद्धि गर्ने वा नगर्ने कुरा होइन र यो कति छ भन्ने कुनै

अनुसन्धान, सर्वेक्षण, अध्ययन वा खोजबाट प्राप्त भई निष्कर्ष निकालिने विषयवस्तु पनि होइन। निर्णयप्रतिको विश्वास र स्वीकार्यता नै यसको द्योतक हो। यस्तो विश्वसनीयता र स्वीकार्यता बाध्यात्मक, अनिवार्य वा परिस्थितिजन्य जस्तो पनि हुन सक्छ। त्यसैले, स्वीकारिएको वा मानिएकै आधारमा जनआस्था छ र विरोध वा असहमति देखिँदैमा जनआस्थामा ह्रास आयो भन्न सकिन्न। सँस्था जसरी अविच्छिन्न रहेको हुन्छ, जनआस्था र विश्वास पनि निरन्तर रुपमा बहँदै रहन्छ। न्याय सम्पादनको भूमिकामार्फत् न्यायपालिकाको जनआस्था अभिवृद्धि हुनुपर्दछ भन्ने मेरो धारणा रहेको छ। जनआस्था वृद्धि गर्ने उद्देश्य वा विश्वास जागृत गराउने लक्ष्य लिएर मात्र कुनै कार्य गर्न सकिँदैन किनकि यस्तो कार्य प्रचारमुखी र श्रृंगारिक मात्र हुन पुग्दछ भन्ने मलाई लाग्दछ। कार्यसम्पादनको परिणामले स्वाभाविक र प्राकृतिक रुपमा उत्पन्न गर्ने विश्वास र आस्था अनन्त र दीगो हुन्छ। तसर्थ, न्याय सेवाको गुणस्तर, व्यवस्थापनको चुस्तता, सेवाग्राहीमुखी कार्यसम्पादन, सहज कार्यवातावरण जस्ता आम न्यायका उपभोक्तालाई सुविधायुक्त सेवाप्रवाह गर्ने कुरामा म सदैव लक्षित र समर्पित रहनेछु।

माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु,

८.१.६ न्यायपालिकाका सन्दर्भमा सदैव उत्तिकै चिन्ता र चासो प्रकट हुने एउटा अर्को विषय न्यायपालिकामा हुनसक्ने विकृति, भ्रष्टाचार, अनियमितता जस्ता क्रियाकलापहरु हुन्। शाब्दिक रुपमा नैतिकता प्रतिकूल मात्र नभई कानूनी रुपमा अपराधजन्यसमेत मानिने यस्ता गतिविधिको अवस्थिति, तीनको पहिचान र सम्बोधन समेतका लागि विगतमा उल्लेख्य प्रयासहरु भएका छन्। शाही न्याय सुधार आयोगको प्रतिवेदनदेखि निवर्तमान प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्कीको नेतृत्वमा भएको अध्ययन प्रतिवेदनसम्मका सुझावहरु सबै मननयोग्य र ग्राह्य रहेका छन्। न्यायिक क्षेत्रका अवयवभित्र कस्ता अनियमितताका सम्भावना रहन्छन्, को को संलग्न हुन सक्दछन् र त्यसलाई कसरी निवारण र नियन्त्रण गर्न तथा कारवाही गर्न सकिन्छ भन्नेतर्फ ती प्रतिवेदनहरुमा विस्तृत विवेचना भएको छ र ती सबै सुझावहरुलाई म स्वागत गर्दछु। स्वाभाविक र स्वघोषित रुपमा कसैले पनि आफूले अनियमितता वा विकृति गरें भन्ने घोषणा र चाहना व्यक्त गर्दैन। कसैले बाध्यता र कोही महत्वाकांक्षाको माध्यमबाट यस्ता विकृतिजन्य क्रियाकलापको भूमरीमा रुमल्लिइरहेका हुन सक्दछन्। यस्तोमा आफूले आफैलाई विमुख पार्दै त्याग गर्नु आफूलाई सो अनुरुप बनाउन नसक्ने तर, अरुलाई परिवर्तन व्यावहारिक र सहज हुन्छ।

गर्ने र रोकथाम, नियन्त्रण वा निवारण गर्न चाहने कुरा कृत्रिम हुन पुग्दछ। तसर्थ, आफ्नो भूमिका र दायराभित्रको कार्यमा यी सबै नकारात्मक कुराहरु न्यायिक वृत्तमा परिकल्पना र अनुमान सम्म पनि हुने नसक्ने भएकाले न्यायको स्वच्छता र अक्षुण्णता कायम राख्नु मेरो स्वभावजन्य विशेषता रहनेछ।

मानिनीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु,

८.२ व्यवस्थापकीय भूमिकाका सम्बन्धमा

८.२.१ सर्वोच्च अदालतको न्यायाधीशले न्याय सम्पादनका अतिरिक्त गर्नसक्ने केही व्यस्थापकीय कार्य हुन सक्दछन्। मुद्दामा इन्साफ गर्ने बाहेक अदालतको नीतिगत एवं प्रशासनिक र व्यवस्थापकीय कार्य गर्नका लागि सर्वोच्च अदालतमा सम्माननीय प्रधान न्यायाधीशको अध्यक्षतामा सबै न्यायाधीश सदस्य रहने गरी पूर्ण बैठक (*फूल कोर्ट*) रहने कानूनी व्यवस्था छ। पूर्ण बैठकमा पदेन सदस्यका हैसियतमा सहभागी भई न्याय प्रशासनसँग सम्बन्धित विषयमा छलफल गर्न र रचनात्मक सुझाव दिन सकिने भएकाले कतिपय अवस्थामा दूरगामी महत्वपूर्ण विषयमा आफ्नो राय व्यक्त गर्न र त्यस्तो रायलाई तर्कपूर्ण आधारमा सबैलाई सहमत गराउन सकेमा न्याय प्रशासनसँग सम्बन्धित नियमावली, निर्देशिका, नीति, योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयन गराउन सकिन्छ भन्ने मलाई लाग्दछ। यस बाहेक खास अवस्थामा कुनै विषयगत क्षेत्रको नीतिगत समिति वा अङ्गमा सदस्य भई कार्य गर्न सक्ने अवस्था हुने हुँदा त्यस्तो सम्बन्धित विषयमा प्रभावकारी र न्यायोचित भूमिका निर्वाह गर्न सकेमा समेत न्याय प्रशासनका विविध आयामहरुमा योगदान गर्न सक्ने अवस्था रहन्छ। यसरी न्याय सम्पादन बाहेकको अवस्थामा आफ्नो भूमिका रहँदा मेरो अनुभव, ज्ञान र उद्देश्यका साथ आफूलाई सिर्जनशील र नवप्रवर्तकका रुपमा प्रस्तुत हुनेछु भन्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु,

८.२.२ न्यायमा पहुँचको सुनिश्चितताका लागि कानूनी प्रतिनिधित्वलाई मात्र पर्याप्त मान्ने परिपाटीबाट अग्रसर हुँदै यसमा जिम्मेवार सँस्थागत र मनोवैज्ञानिक पक्षहरुको अन्वेषण गर्नुपरेमा त्यसतर्फ समेत सक्रिय हुनुपर्दछ भन्ने मलाई लाग्दछ। यसका लागि यथास्थितिवादी अभ्यास र कार्यशैलीमा प्रविधियुक्त हस्तक्षेपको गुञ्जायस समेत रहन सक्दछ। तसर्थ, वर्तमान विश्वमा सूचना प्रविधिको तीव्रतर विकास भइरहेको र हाम्रै न्यायपालिकामा समेत उल्लेख्य रुपमा विकास हुँदै आएको सूचना प्रविधिलाई न्यायमा

पहुँचको अर्थपूर्ण अनुभूतिका लागि उपयोग गर्नेतर्फ रचनात्मक रुपमा प्रस्तुत हुनेछु। Artificial Intelligence को प्रचुर मात्रामा प्रयोग हुँदै आएको वर्तमान समयमा अदालत व्यवस्थापनको कार्यमा यस प्रविधिको प्रभावकारिता अनुभव गरिएका दृष्टान्तहरु छन्। तसर्थ, दीर्घकालीन रुपमा विवेक प्रयोग गर्नुपर्ने र मानवीय उपस्थिति अत्यावश्यक पर्नेमा बाहेक न्याय प्रशासनको अभिन्न पक्षका रुपमा Artificial Intelligence को प्रयोगलाई सँस्थागत गर्ने कार्यमा क्रियाशील हुन चाहन्छु। विशेषतः कोर्टरुम टेक्नोलोजी (Courtroom Technology) को प्रयोग गरी मुद्दा व्यवस्थापन, सुनुवाई र बहस व्यवस्थापन गर्ने कार्यमा हाल विद्यमान अवस्थालाई थप सुदृढ बनाउन सरोकारवालाका बिचमा समन्वय गर्दै उत्कृष्टताका लागि निरन्तर प्रयत्नशील हुने मेरो रुचि र चाहना रहेको छ। अदालतहरुको अभिलेख व्यवस्थापन र जिन्सी व्यवस्थापन एवं न्याय प्रशासनको सञ्चालनमा कागजपत्रको प्रयोगमा न्यूनिकरण गर्दै कम कागजबाट कागजबिहीन न्यायपालिका बनाउने लक्ष्य रहेको न्यायपालिकाको सूचना प्रविधि सम्बन्धी दशवर्षे गुरुयोजना (२०७२-२०८२) को अवधि समेत समापन हुन लागेको सन्दर्भमा सो को पुनरावलोकन गर्ने र आगामी योजना र कार्यक्रम निर्माण गर्ने सँस्थागत प्रयासहरुमा सिर्जनशील भई कार्य गर्ने सोच राखेको छु।

मानननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु,

८.२.३ न्यायपालिकाको स्वतन्त्रताको सन्दर्भमा मूलतः जनशक्ति तथा साधन स्रोतको व्यवस्थापनमा स्वायत्तताको महशुस हुनु अपरिहार्य देखिन्छ। न्यायकर्मीले न्यायिक निर्णय गर्ने सन्दर्भमा स्वतन्त्रताको सुनिश्चितता भए तापनि अदालत व्यवस्थापनमा यो अझ महत्वपूर्ण रहेको देखिन्छ। न्यायिक कार्य सम्पादनको कार्य प्रकृति, कार्य सँस्कृति र कामकारवाहीको जिम्मेवारी अन्य कुनैपनि निकायभन्दा पृथक र अतुलनीय रहेको सन्दर्भमा राज्यका अन्य सरकारी निकाय सरह तुलना गरी सेवा, सुविधाको व्यवस्था गर्ने गरिएको हालको अभ्यास उपलब्धिमूलक हुन सकेको छैन। न्याय सेवाको विशिष्टताले माग गर्ने सेवालाई सम्बोधन हुन सक्ने गरी पर्याप्त सेवा, सुविधा र बजेटसहितको न्याय सेवाका कर्मचारीका लागि संविधानले छुट्टै ऐन परिकल्पना गरेको हुँदा सोही अनुरुपको कानूनी प्रबन्ध हुनु अपरिहार्य छ। बजेट व्यवस्थापनको जिम्मेवारी राज्यको कार्यपालिकीय निकायको भए तापनि न्यायपालिकाका लागि निश्चित बजेटको कानूनी सुनिश्चितता हुनुपर्दछ भन्ने मेरो मान्यता रहेको छ। यस सम्बन्धमा गरिमामय संघीय संसदको भूमिका पनि अपेक्षित हुनु स्वाभाविक हो।

८.२.४ अदालतहरुमा दैनन्दिन रुपमा वृद्धि भइरहेको कार्यबोझको अनुपातमा न्यायिक जनशक्तिको व्यवस्थापन हुन सकिरहेको छैन। जनशक्ति व्यवस्थापनको हकमा निश्चित दरबन्दी र कर्मचारीको संख्या वृद्धि मात्र पनि पर्याप्त हुँदैन। न्यायपालिकामा अधिकांश कार्य व्यवस्थापनसँग सम्बन्धित भएकाले सूचना प्रविधि, व्यवस्थापन तथा अन्य प्राविधिक प्रकारका जनशक्तिको अनिवार्यता अत्यधिक रुपमा आवश्यक देखिएको वर्तमान सन्दर्भमा त्यस्ता जनशक्तिको उपयोग गर्नेतर्फ नीतिगत तहमा विशेष पहल हुनु पर्नेछ।

माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु,

८.२.५ न्याय सम्पादन र अदालत व्यवस्थापनको विषयमा न्यायपालिकासँग आवधिक रणनीतिक योजना छ। वि.सं. २०६१ सालबाट प्रारम्भ भएको योजनावद्ध कार्यक्रमहरु हाल चौथो पञ्चवर्षीय राणनीतिक योजनासम्म आइपुगेको छ। विगत दुई दशकको योजनावद्ध कार्यक्रमहरुको कार्यान्वयनको अवस्था हेर्दा वास्तवमा न्यायपालिकाको सँस्थागत सुदृढीकरणमा अभूतपूर्व उपलब्धिहरु हासिल भएको छ। अदालतको भौतिक संरचनादेखि सूचना प्रविधिको प्रयोगसम्म र जनशक्ति व्यवस्थापनदेखि मुद्दा प्रवाह व्यवस्थापनसम्म भएका उपलब्धिहरु अद्वितीय रहेका छन्। पछिल्ला केही दृष्टान्तका रुपमा स्वचालित तारिख र पेसी निर्धारण तथा भर्चुअल बहस व्यवस्थापन रहेका छन्। यी सबै उपलब्धिको सँस्थागत निरन्तरताले मात्र दीगो प्रगति हासिल हुन सक्ने भएकाले यस्ता व्यवस्थापकीय कार्यमा मेरो आफ्नो हरसम्भव रचनात्मक भूमिका रहनेछ।

८.२.६ रणनीतिक योजनाबाट भइरहेको मुद्दा प्रवाह व्यवस्थापन र भौतिक साधन स्रोतको व्यवस्थापनलाई थप प्रभावकारी बनाउने लक्ष्यमा सम्बन्धित विषयसम्वद्ध समिति र बैठकमार्फत् नवीनतम् योजनाहरुको तर्जुमा गर्ने र कार्यान्वयन गर्ने उद्देश्यमा म आफू न्यायपालिकाको सदस्य भइसकेपश्चात् सँधै प्रयत्नरत रहनेछु। मुद्दा व्यवस्थापनका सम्बन्धमा हाल भइरहेका फरक मुद्दा व्यवस्थापन, अभियानमा मुद्दा हेरिने जस्ता गतिविधिले न्यायिक सक्रियता बढाएको छ। कुनै मुद्दामा एकभन्दा बढी तहको अदालतको अधिकारक्षेत्र रहे तापनि सो मुद्दामा सम्भव भएसम्म तल्लो तहको अदालतको अधिकारक्षेत्र उपयोग गर्नुपर्ने (Exhaustion of Lower Court's Jurisdiction) मान्यता विकास गराउन सकेमा सर्वोच्च अदालतको अनावश्यक कार्यचाप न्यूनिकरण हुने मेरो विश्वास छ। यसलाई सम्बोधन गर्न विशिष्टीकृत अदालतहरु र उच्च अदालतहरुको भूमिकालाई क्रियाशील गराउने तथा ती अदालतहरुको निर्णयको अन्तिमता (Finality of Judgments) सुनिश्चित गरिनुपर्दछ। यस कार्यमा कानूनी, नीतिगत वा न्यायिक निकास जे हुन सक्दछ, सो गर्नेमा मेरो सकारात्मक

अग्रसरता रहनेछ।

माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु,

८.२.७ अदालतबाट भएका फैसलाहरु न्यायिक घोषणाहरु मात्र हुन्। फैसलाको कार्यान्वयन भएमा मात्र न्यायको वास्तविक अनुभूति हुन सक्दछ, अन्यथा कागजी न्याय निरर्थक र निष्प्रयोजन हुन्छ। फैसला कार्यान्वयनको विद्यमान तथ्याङ्क हेर्दा फौजदारी मुद्दामा असूल उपर हुनुपर्ने कैद र जरिवानाको लगत भयावह छ भने देवानी मुद्दामा चलन चलाउने र बिगो भराउने जस्ता समस्यासँग न्यायपालिका संघर्षरत जस्तो प्रतीत हुन्छ। यी सबै कार्यमा न्यायपालिका मात्र चिन्तित हुने, तर राज्यका अन्य निकायको कुनै सक्रियता नभए पनि जस्तो अवस्था रहनु हुँदैन भन्ने मेरो मान्यता छ। अदालतले फैसला गर्ने र निर्णय दिने कार्य गरिसकेपश्चात् व्यावहारिक कार्यान्वयनमा रहेका चुनौतीहरुमा राज्यको सुरक्षा निकाय, प्रशासनिक अङ्ग र मुद्दाका पक्षहरुसँग समन्वय गर्दै कार्यान्वयनको सुनिश्चितता गर्नु अदालतबाट मात्र पनि अपेक्षित हुँदैन। न्याय सम्पादनको भूमिकामा रहने न्यायपालिका र न्यायप्रशासन फैसला कार्यान्यिवनका चुनौतीसँगै गाँजिएर बस्नुपरेको विद्यमान अवस्थालाई राज्यको कार्यपालिका र विधायिकाले केही वैकल्पिक उपायसहित व्यवस्थापन गर्न अति जरुरी भइसकेको छ। तसर्थ, फैसला कार्यान्वयन गर्ने कार्यमा विद्यमान अभ्यास र प्रयासहरुमा केही नवीनतम् उपायहरुको अवलम्बन गर्न साधन स्रोत, अधिकार र जनशक्तिसहितको कानूनी एवं नीतिगत संरचना तयार गर्न सँस्थागत रुपमा न्यायिक नेतृत्वलाई सहयोग गर्ने मेरो आफ्नो सोचाइ छ।

माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु,

८.२.८ न्यायपालिकाको कार्यसम्पादन सामूहिका कार्यको भावनाबाट अभिप्रेरित भएको हुन्छ। जिम्मेवारीका दृष्टिले कहीं कतै एकल प्रकृतिका कार्य हुने भए तापनि न्यायिक, प्रशासनिक एवं व्यवस्थापकीय कार्यमा सामूहिक भूमिकाको अपेक्षा संविधान र कानूनी प्रबन्धबाट भएका छन्। न्यायिक नेतृत्वले समेत सामूहिक कार्यमा विशवास गर्ने भएकाले आफ्ना सहकर्मीहरुको साथ र सहयोगबाट न्याय सम्पादन तथा न्याय प्रशासनको सञ्चालन र व्यवस्थापन भई आएको छ। तसर्थ, कुनै एकजना न्यायाधीशको एकल योजना, सोच, कार्यशैली र व्यवहार मात्र समग्र सँस्थागत भूमिकामा निर्णायक हुँदैन र हुनु पनि हुँदैन। न्यायपालिकाभित्र एक अर्काको भूमिका र कार्यसम्पादनबाट सन्तुलन र स्वःनियन्त्रणको अभ्यास भइरहेको हुन्छ। यस अर्थमा, समग्र न्यायपालिकाको योजना, नीति, कार्यक्रम र लक्ष्य सबै न्यायाधीश र न्यायकर्मीको साझा दस्तावेजहरु भएजस्तै मेरो हकमा पनि सम्पूर्ण

सँस्थागत विषयहरु नै मूल प्राथमिकताका क्षेत्रहरु रहनेछन्।

९. अन्त्यमा, गरिमामय समितिका माननीय सदस्यज्यूहरुलाई यस अवधारणापत्रमा समावेश नभएका विषयका सम्बन्धमा लागेका जिज्ञासा र प्रश्नहरुका सम्बन्धमा मेरो आफ्नो विषयगत क्षेत्र र अनुभवका आधारमा सम्बोधन गर्ने प्रयास गर्नेछु। साथै, माननीय सदस्यज्यूहरुवाट प्राप्त हुने रचनात्मक र उपयोगी सुझावहरुलाई आफ्नो भूमिकामा प्रतिविम्बित हुने गरी कार्यसम्पादनमा अग्रसर हुनेछु भन्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु। सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस भई नियुक्तिपूर्वको संसदीय सुनुवाईको यस विशेष अवसरमा गरिमामय समिति समक्ष उपस्थित भई प्रस्तुत गरेको कार्ययोजनासहितको अवधारणापत्र उपर प्राप्त हुने सुझावलाई यस प्रस्तुतीको अभिन्न अङ्ग मान्दै सम्बोधन गर्ने प्रयास हुनेछ भन्ने पुनः वचनवद्धता व्यक्त गर्दछु। यस प्रस्तुतीलाई धैर्यता र अभिरुचिका साथ श्रवण गर्नुहुने समस्त माननीय सदस्यज्यूहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। संसदीय सुनुवाई समितिमा भएको यस सुनुवाई प्रक्रियामा आफ्नो अवधारणा र कार्ययोजना प्रस्तुत गर्न समन्वय र सहयोग गर्नुहुने संघीय संसदका महासचिवज्यू, प्रतिनिधि सभा र राष्ट्रिय सभाका सचिवज्यूहरु, संसद सचिवालयका कर्मचारीहरु लगायत सम्बन्धित सबै महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

**धन्यवाद! नमस्कार!!**